बैठक संख्या :- ५४

मिति :- २०७६।०३।२९ (आईतवार)

समय :- दिनको : २.०० वजे

कमलामाई नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्ग बहादुर खत्री ज्यूको अध्यक्षतामा बसी देहाय वमोजिम निर्णय भयो ।

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्रि | - नगर प्रमुख |
| श्री मंजु देवकोटा | - नगर उप-प्रमुख |
| श्री महेशराज खतिवडा | - वडा अध्यक्ष १ |
| श्री नवराज थिङ | - वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाँई | - वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | - वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खडका | - वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | - वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | - वडा अध्यक्ष ७ |
| श्री टिका बहादुर मुक्तान | - वडा अध्यक्ष ८ |
| श्री देवराज पौडेल | - वडा अध्यक्ष ९ |
| श्री रामहरि ढुङ्गेल | - वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | - वडा अध्यक्ष ११ |
| श्री ललित बहादुर आले | - वडा अध्यक्ष १२ |
| श्री किरण माझी | - वडा अध्यक्ष १३ |
| श्री जितलाल अधिकारी दनुवार | - वडा अध्यक्ष १४ |
| श्री शिव कुमारी रायमाझी | - महिला सदस्य |
| श्री कान्ता ढकाल | - महिला सदस्य |
| श्री रुद्र कुमारी कार्की | - महिला सदस्य |
| श्री पदम कुमारी बस्नेत | - महिला सदस्य |
| श्री सुनिता सार्की | - महिला सदस्य |
| श्री केशर बहादुर नेपाली | - दलित / अल्पसंख्यक सदस्य |
| श्री झौला अधिकारी दनुवार | - दलित / अल्पसंख्यक सदस्य |
| श्री नरेश वि.क | - दलित/ अल्पसंख्यक सदस्य |
| श्री पुरुषोतम सुवेदी | - प्रमुख प्रसशाकिय अधिकृत ( सदस्य सचिव) |
| श्री सुशिल कुमार वर्मा | - प्रा. ले. प. अ. |

**निर्णय नं. १** :- २०७६ आषाढ २६ गते देखि परेको अविरल वर्षादको कारण देशका विभिन्न स्थानहरुमा ठुलो मात्रामा धन तथा जनको समेत क्षति भएको हुँदा विपदमा परी ज्यान गुमाउने मृत जनहरुको मृत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्ने तथा विपदमा परी घाईते भएका जनहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** :- अविरल वर्षादको कारणले कमालामाई नगरपालिका क्षेत्र भित्र हुन गएको धनजन क्षतिको विवरण सम्बन्धीत वडा कार्यालयवाट अविलम्व संकलन गरि नगरपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३** :- चालु आ.व. मा संचालित देहाय बमोजिम विवरण भएका योजनाहरु ठेक्का प्रकृया मार्फत गरिएकोमा हाल निर्माण व्यवसायीबाट कार्य संचालन निरन्तर रुपमा गर्दै आएको अवस्थामा अविरल वर्षाको कारण निर्माण व्यावसायीबाट कार्य सम्पन्न गर्न भर मग्दुर प्रयास गरेको साथै साईटमा निर्माण सामाग्री पनि झारेको भएता पनि कार्य सुचारु गरी सम्पन्न गर्न नसकेको तथा ठेक्का प्रकृयामा निकै कममा प्रतिष्पर्धा समेत भएको हुँदा सोही कबोल अंकमा कार्य गराउँदा कार्यालयलाई आर्थिक रुपमा फाइदा समेत पुग्न जाने देखिएको हुँदा सार्वजनिक खरिद नियमावलीको नियम १२० को उपनियम (४) मा उल्लेख भए अनुसार शुरु सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मितिबाट ६(छ) महिनाको लागी म्याद थप गर्ने निर्णय गरियो । थप भएको म्याद भित्र कार्य सम्पन्न नभएमा नियमानुसार हुने गरि निर्णय गरियो ।

| सिनं. | योजनाको विवरण | कुल लागत अनुमान रु. | ठेक्का सम्झौता रकम रु. | लागत अनुमानमा घटी प्रतिशत | सम्झौता मिति | कार्य सम्पन्न गर्नुपर्ने अवधी |
|---|---|---|---|---|---|---|
| १ | पानिटचांकी कालोपत्रे सडक निर्माण कार्य, कमलामाई न.पा.-६, सिन्धुली | १,९५,५९,४३२।५४ | १,०३,६१,३४२।३२ | ४७.०२ | २०७६/०१/०८ | २०७६/३/२० |
| २ | ढुङ्ग्रेवास-मल्लागाउँ कालोपत्रे सडक निर्माण कार्य, कमलामाई न.पा.-४, सिन्धुली | १,९५,३५,३३९।५९ | १,०२,६१,१५८।३३ | ४७.४७ | २०७६/०१/०८ | २०७६/३/२० |

**निर्णय नं. ४** :- अविरल वर्षादको कारणवाट कमलामाई नगरपालिका क्षेत्रमा पुऱ्याएको क्षतिको लागि विपद व्यावस्थापन कोष वाट रु. पाच लाख (२×१×१) को जालि, तिन लाखको पोलिथिन पाईप (२५, ३२ र ४० एम.एम), दुई लाखको त्रिपाल खरिद गर्ने र एक लाख सम्मको ईन्धनमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** :- लगातार अविरल वर्षादको कारणवाट वडा नं.११ निवासी अन्दाजी ४९ वर्षका थिर बहादुर खत्रिको मृत्यु भएको हुँदा आर्थिक सहायता वापत रु.५००००।- (पचास हजार) विपद व्यवस्थापन कोषवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६** :- कमलामाई नगरपालिका वडा नं. १० निवासी साविक वडा नं.१३ का पूर्व वडा अध्यक्ष भक्त बहादुर पुलामी विगत केहि समय देखि फोक्सोको क्यान्सरवाट पिडित भई उपचार भई रहेकोमा उपचार खर्च वापत आर्थिक सहायता वापत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७**:- कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७५ थप शंसोधनको लागि विधेयक समितिमा छलफल गरी पुन पेश गर्नका लागि पठाउने निर्णय गरियो ।